# स्तम्भ लेखन : एक वक्र यात्रा

खगेन्द्र सङ्ग्रौला

## माध्यमको तृष्णा

फर्केर हेर्दा देख्छु, मेरो स्तम्भ लेखन प्रयोजन, गति र ध्वनिमा घरिघरि रूप परिवर्तन गर्ने एक वक्र यात्रा रहेछ । कहिले उत्ताल वेग भएको खहरे खोलो झैँ छङ्छङ् गर्दै प्रवाहित हुने, कहिले सेती नदीझैँ सतहमाथि सुसेलो फाल्दै धरतीमुनि दबिने, कहिले समतल भूमिमा शान्त भएर सुस्तसुस्त बगिरहने । कहिले शब्द डबलीका वर्चस्वशाली दादाहरूबाटै प्रताडित हुने र कहिले तीसँग आँखा जुधाउन आँट गर्ने । कहिले तानाशाहीको आखेटमा पर्ने र कहिले तानाशाहलाई तीर ताक्ने । दिगो थातबास कहीँ नभएको, क्रमभङ्ग भइरहने तर कतै छलाङ मार्न नसक्ने । पटकपटक बासउट्ठा हुन अभिशप्त, तर बासरहित कहिल्यै नहुने नियतियुक्त ।

विक्रमाब्दको चालीसको दसकको आरम्भ । नेपाली जनमानसमा वञ्चना, विभेद र अन्यायबाट उत्पन्न असन्तोषको ज्वालामुखी छल्किरहेको उष्ण याम । निर्दलीय नाउँको निरङ्कुश घोडामा सवार भएको शाही पञ्चायत भित्रभित्रै ध्वान्द्रो परेको रुखजस्तो भएको थियो । अर्थ-राजनीति र संस्कृतिसम्बन्धी ठगीखाने यसका यावत् अस्त्रहरू खिया लागेर पत्रु भइसकेका थिए । शिक्षाको कारखानाबाट राजभक्त नागरिक जन्माउन नयाँ केही नभएको 'नयाँ शिक्षा पद्धति' ल्याइयो । तर, त्यसले मनमाफिकको फल दिएन । इतर राजनीतिको चियो गर्ने दरबारिया जासुसहरू जन्माउन राष्ट्रिय विकास सेवा (राविसे) ल्याइयो । तर, राविसेमा जाने

धेरैजसो युवा विद्यार्थीले गाउँ-गाउँ गएर जनमानसमा इतर राजनीतिकै राप र ताप सञ्चार गरे । प्रतिवादी र प्रतिरोधी चेतनालाई तृणतहदेखि निमिटचान्न पार्न 'गाउँ फर्क राष्ट्रिय अभियान'को नाटक रचियो । तर, त्यो पनि काम लागेन । जाली जनमत सङ्ग्रहमा बृद्ध पञ्चायतले प्राविधिकरूपले त जित्यो नै, तर राजनीतिकरूपले त्यसले आफ्नो मृत्युको घडी झनै नजिक निम्त्यायो । असफल भ्रमपछि असफल भ्रमको जाल रच्ने उपक्रममा मर्दो पञ्चायतको जर्जर देहमा कोरामिन सञ्चार गर्न 'आधारभूत आवश्यकता' र 'एसियाली मापदण्ड'जस्ता कुटिल नाराहरूको रट लगाइयो । तर, ती पनि व्यर्थ भए । र, फस्टाउँदो जनचेतनाको ज्वालामा शनैःशनैः झिल्सिँदै पञ्चायत गलित नख दन्त बन्न पुग्यो ।

पञ्चायत यति पङ्गु भइसकेको थियो, अगाडि प्र. अर्थात् प्रतिबन्धितको फुर्को गाँसेर दलहरू छापामा आफ्ना कुरा खराखरी भन्थे । राजाका आत्महीन नोकरतुल्य पञ्चहरू नुर गिरेको मुद्रामा विना प्रतिवाद चुपचाप सुन्थे र दरबारको गजुर हेरेर खुइयच सुस्केरा हाल्थे । विद्यार्थी र शिक्षक सङ्गठनहरू थिए आवरणमा पेशागत तर अन्तर्यमा दलहरूका फुर्तिला राजनीतिक ध्वजाबाहक । उसो त सुकिला मानव अधिकारकर्मीहरू पनि भाका मिलाएर इतर राजनीतिकै पैरवी गर्थे । 'लौह पुरुष' भनिने गणेशमान सिंहको लोकप्रिय लौरो सडक पेटीमा जब देखापर्थ्यो, ब्रह्मनालमा सुताइएको शाही पञ्चायत त्राहिमाम् हुन्थ्यो । त्राहीमाम्कारी अरू दुई पात्र थिए, पद्मरत्न तुलाधर र रूपचन्द्र विष्ट । तुलाधर 'जनपक्षीय' राजनीतिको भावुक सूत्र जप्दै पञ्चायतमा घुसेका थिए । विष्टका हातमा थियो 'जनमुखी' राजनीतिको 'थाहा' नामक कोर्रा । तुलाधर अति भावुक मुद्रामा अल्पविराम, अर्धविराम र पूर्णविरामविनाका भाषण गर्दै रुन्थे । तिनको रोदनको विषय हुन्थ्यो जनसाधारणको असीम दुःखकष्ट । रुनुमा नै तिनको शक्ति थियो । अथाहजस्तो लाग्ने 'थाहा' अभियानका जोदाहा रूपचन्द्र विष्ट 'रुदाने' नाउँले सूत्र कविता रच्थे र सूत्र गद्यमै बोल्थे । आफ्ना कविता र गद्यमा ती मसिना प्रतीकहरू राख्थे । ती जे भन्थे, घुमाएर, बटारेर भन्थे । तर, अर्थको गहिराइमा भने ती भित्तै पुऱ्याएर भन्थे । दुरुह लाग्ने तिनको अभिव्यक्ति शैली प्रेस स्वतन्त्रतामाथिको शाही बन्देजप्रतिको कठोर कटाक्ष त थियो नै, त्यो जर्जर सत्तामाथि परोक्षरूपले जाइलाग्ने कार्यनीतिक चातुर्यको अभिव्यञ्जना पनि थियो । इतिहासका निषेधकारी बन्देजहरू क्षीण हुँदै गएको र समाज खुल्दै गएको त्यही क्षण हो जब ममा अखबारी लेखनप्रति चाख अङ्कुरायो ।

वाम बान्कीका दुईओटा अखबार अस्तित्वमा थिए – *मातृभूमि* र *समीक्षा* । लाल शीर्षक भएको मझौला आकारको *मातृभूमि*लाई विचार तत्त्वमा चीनतिर ढल्केको भनिन्थ्यो । श्याम शीर्षक भएको जखमले आकारको *समीक्षा*लाई आफ्नो

निष्ठामा रुसतिर लच्किएको मानिन्थ्यो । भनुँ भने, *समीक्षा* मदनमणि माङ्साबको लगभग एकल खेलमैदान थियो । जान्नेहरू भन्थे– माङ्साब हुनुसम्म जाँगरिला छन् । ती माउ समाचारदेखि कतिपय पाठकपत्रसम्म खुरुखुरु आफैँ धस्काउँछन् । नभन्दै भाषा-शैलीको बान्की हेर्दा 'हो' भैँ लाग्थ्यो । *समीक्षा*मा माङ्सापको 'मेरो देश, मेरो संसार' नामक स्तम्भ थियो, हात्ती आकारको । त्यो लच्छेदार शास्त्रीय गद्यमा लेखिन्थ्यो । र, त्यो सूचना, सन्दर्भ, संवेदना र ज्ञानले सदैव घनीभूत हुन्थ्यो । तर, एउटा फसाद थियो । माङ्साब प्रायः आफ्नो पछिल्लो स्तम्भमा आफ्नै अघिल्लो स्तम्भका कुरा निर्ममता साथ छ्याक्छ्याकी काट्थे । जे होस्, अखबारी लेखनमा लहसिन मलाई कुत्कुत्याउने एउटा गुरुगम्भीर स्तम्भ यी आफ्नै कुरा कटुवा माङ्साबको हो । अलिपछि २०४६ मा आङ्ल भाषाको *दि इन्डेपेन्डेन्ट*मा सीके लालको स्तम्भ उदायो । 'लाल' भन्न अनकनाउनुपर्ने त्यो असहज कालमा यी लालको नामै मलाई अनौठो लाग्थ्यो । तर, लोकहितको भाकामा प्रतिपक्षताको पैरवी गर्ने यिनको स्तम्भ भने अर्थपूर्ण थियो । अखबारी मैदानमा कलम घोटिरहन मलाई हौस्याएको यी लालको आङ्लभाषी स्तम्भले पनि हो ।

## फेदीबाट पहिलो शिविरतिर

वाम र काङबीच अझै पनि पानी बाराबार थियो । काङमार्गी अखबारहरूतिर हात बढाउन न मलाई मेरो विचारको रङ्गले दिन्थ्यो न त तिनले मलाई ठाउँ नै दिन्थे । एउटा सानो वाम पार्टी चौतारी थियो, चौथो महाधिवेशन (चौम) । निर्मल लामा थिए त्यसका नेता । २०४३ सालको कुरा हो । त्यस चौतारीबाट *गर्जन* नाउँको सात दिने अखबार निस्कने भयो । लुकीलुकी चौमको छाता ओड्ने महेश मास्केले मलाई त्यसमा लेख्न भने । मैले मानेँ । तर, मान्नु एउटा कुरा हो, लेख्न जान्नु अर्कै कुरा । अखबारी लेखन प्रायः समयको दैनिकी टेकेर उभिन्छ । त्यसले वर्तमानमा उभिएर अतीतको स्मरण गर्दै भविष्यको क्षितिजतिर चियाउने जमर्को गर्छ । त्यसको भाषा सरल र सहज हुन्छ । समय-प्रवाहमा पलप्रतिपल उदय र अस्त भइरहने घटना, पात्र र प्रवृत्तिलाई त्यसले टिप्छ, केलाउँछ र खुकुलो संरचनामा उनेर पाठकछेउ पस्किन्छ । यो सब त मलाई थाहा छ । तर आफूसँग त्यसो गर्ने सीप छैन । तैपनि म कनिकुथी लेख्न थालेँ । त्यसपछि साप्ताहिक *मूल्याङ्कन* हुँदै म *पृष्ठभूमि* साप्ताहिकमा आइपुगेँ । *पृष्ठभूमि*मा खास गरेर वाम वृत्तमा औधी रुचिका साथ पढिने एउटा स्तम्भ थियो– नाउँको अगाडि डाक्टरीको सिउर जडान गरिएका बाबुराम भट्टराईको 'बेलाबखतका कुरा' । बाबुराम पन्छिएपछि खाली ठाउँमा म भर्ती भएँ । बाबुराम मूलतः समसामयिक यथार्थलाई सिद्धान्तमा

घोलेर लेख्थे, म इतिहासको दैनिकीसँग फ्युजन गरेर जीवन-अनुभव लेख्थेँ। स्तम्भ लेखनको दीर्घ यात्रामा *पृष्ठभूमि*को मेरो स्तम्भ आरम्भिक यात्राका सिकारु पाइलाहरूको एक शृङ्खला थियो। त्यो शृङ्खला पछि *जनआन्दोलनका छर्राहरू* (सङ्ग्रौला २०४७) नामक एउटा पुन्टे पुस्तिकामा सङ्कलित भयो। त्यो पुस्तिका मेरालागि आफ्नै शब्दकर्मले आफूलाई लेखनको उमङ्ग र ऊर्जा दिने एउटा तुर्तुरे मुहान बन्यो। *पृष्ठभूमि*मा निर्माण भएको लेखकीय पहिचानको प्रभावले मलाई *जनएकता* साप्ताहिकमा ससम्मान बास मिलाइदियो।

## आखेटपछि आखेट

*कान्तिपुर*को स्तम्भ 'बेलाको बोली' बिसाउँदा आफ्नो सफाइ बयानमा मैले स्तम्भकार र सुकुमबासीबीच सादृश्यको चर्चा गरेथेँ (सङ्ग्रौला २०६५)। त्यस्तो सुकुमबासी जसको न धनीपुर्जासहितको दिगो छाप्रो हुन्छ न त ऊ छाप्रोबाट लखेटिएर शुन्यमा विलुप्त नै हुन्छ। नदी किनारको बगर, सडकछेउको भित्तो वा डिल वा वनको किनाराबाट आखेटकारी भूपतिहरूद्वारा लखेटिँदा सुकुमबासी रुखको फेदमा, खुला आकासमुनि वा कुनै आफन्तकहाँ अलि दिन टाउको लुकाउँछ। र, फेरि लखेटिन ऊ फेरि कतै छाप्रो ठडचाइहाल्छ। २०५१ सालको नौ महिने एमाले शासनको कुरा हो। सञ्चारमा आफ्नो दलीय पकड र प्रभाव विस्तार गर्ने मनसुवाले एमालेले *सगरमाथा* दैनिक निकाल्यो। सम्पादक बने तीर्थ कोइराला। तिनको बिन्तीभाउमा मैले एउटा फुच्चे स्तम्भ आरम्भ गरेँ – आजाद चौतारी। विषय इतिहासको दैनिकी, भाषा छरितो, ध्वनिमा व्यङ्ग्यका पुटहरू – त्यो स्तम्भले मेरो पाठकीय बजार केही न केही विस्तार गरिदियो। तर, जब तीर्थ कोइरालालाई 'कू' गरेर सम्पादकमा हिरण्यलाल श्रेष्ठ भर्ती भए, 'आजाद चौतारी'का दुःखका दिन सुरु भए। श्रेष्ठले सम्पादकको आसन ग्रहण गर्नु के थियो, उसै दिन मेरो स्तम्भ पनि 'कू' मा पऱ्यो। प्रधानमन्त्री मनमोहन अधिकारी थिए। अमेरिका भ्रमणमा जाँदा तिनले घर र घरबेटी दुवैतिरको भत्ता थापे भन्ने खबर कतैबाट मेरा कानलाई जिस्क्याउन आइपुग्यो। मेरो स्तम्भमा त्यही दोहोरो भत्ताको कथा कहिएको थियो। बूढामाथि मेरो आरोप थिएन, फगत चिन्तायुक्त जिज्ञासा थियो। मनमोहनजस्ता नैतिक निष्ठाका ध्वजाबाहकले त्यसरी अभछ्छे खान मिल्ला र ? तर, हिरण्यबाबुलाई दलका दाज्यैज्यूहरूको अतिरिक्त भक्त बन्नु थियो क्यार, सम्पादकको सिंहासनमा विराजमान भएकै दिन मेरो स्तम्भलाई तिनले डिलिट गरिदिए।

२०५२ सालको हिउँदे जाडोमा सुकुमबासी औतारमा नीलो आकासको अनन्त छानोमुनि विचरण गर्दैथिएँ, कालो *हिमालय टाइम्स*मा गोविन्द अधिकारीले मलाई

सविनय निम्ता गरी शरण दिए । उही दिन सम्पादकीयको दायाँतिर डीपी भण्डारीको हात्ती आकारको निबन्ध छापिन्थ्यो । संस्कृतको पाइन हालिएको नेपाली भाषामा ज्ञान, चिन्तन र मन्थनले सज्जित ललित निबन्ध । र, त्यसमुनि हुन्थ्यो *सगरमाथा*बाट लखेटिएर नयाँ नाउँ न्वारान भएको मेरो स्तम्भ – नयाँ चौतारी । उही प्रकृतिको, उही आकारमा, उही लयमा र उही ध्वनिमा । थातबास गुमेको मेरो स्तम्भले *हिमालय टाइम्स*मा बास त पायो नै, सँगसँगै त्यसले निकटवर्ती लेखकको नाताले डीपी सर र मेरो पहिचान र हिमचिम पनि गराइदियो । चिन्तनका हामी दुई पृथक् किनाराको नितान्त अनौपचारिक र अन्तरङ्ग नाता देखेर दुवै किनाराका यात्रीहरू जिल् परे । हाम्रो त्यो नाता पृथक् विचारका शब्दकर्मीहरूबीच साहचर्य, स्नेह र आदान-प्रदानको एउटा रोचक दृष्टान्त बन्यो ।

*हिमालय टाइम्स*बाट जब गोविन्द बिदा भए, तिनको सट्टाभर्ना हुन आए किशोर नेपाल । आएकै दिन किशोरले मेरो स्तम्भको अवस्थिति र सज्जामा अनपेक्षित धावा बोले । कारण उनले खुलाएनन्, सोध्न मलाई मन लागेन । खिन्नतासाथ गम खाएँ – कान्छा ! कुरा बुझ्, यो यस चौतारीमा तेरा दिन सकिए भन्ने मौन फर्मान हो । र, सत्तावासी सामन्तले झैँ विनासूचना र विनासंवाद छाप्रो खल्बल्याइएको सुकुमबासी फेरि फकिर भयो ।

पछि *नेपाल* साप्ताहिकमा उही उदार हातबाट उस्तै दारुण कथा दोहोरियो । सम्पादकको आसनबाट सुधीर शर्मा बाहिरिए र किशोर नेपाल भित्रिए । स्तम्भलाई अलि दिन थाती राखेर मेरो रोल्पा भ्रमणको संस्मरण सिरियल छापिँदै थियो । सम्पादकीय अख्तियारीको गद्दीमा बस्नु के थियो किशोरबाबुले प्वाक्क भनेछन् – सङ्ग्रौलाको लेख सधैँ ज्युँकात्युँ छाप्न म सक्दिनँ । आफू अन्तर्यामी नहुनाको दुःखले गर्दा किशोरीय कथनको अभिप्राय मैले बुझिनँ । मेरो संस्मरणका दुई किस्ता छापिइसकेका थिए । *नेपाल*मा किशोर उपस्थित भए र उनको भौतिक कारबाहीमा मेरो उपस्थिति लोप भयो ।

सम्झन्छु, *जनआस्था*सितको मेरो क्षणिक नाताको पनि दुःखद् अन्त्य भयो । त्यसबखत *कान्तिपुर* दैनिकले भूतलीय र गगनमार्गी यातायातको पहुँच हुनेजति नेपालको सामाजिक मानचित्र ढपक्कै ढाकिसकेको थियो । सीमान्तकृत हुन पुगेका मिसनमार्गी साप्ताहिकहरू पार्टी बुलेटिन वा पार्टी भजनको स्वरूपमा खुम्चिँदै गएका थिए । तैपनि सत्य प्रतीत हुने मिथ्यातुल्य किस्साहरू र कौतुकमय सन्सनीको व्यापार गर्न माहिर *जनआस्था* भने निकै नै चालु थियो । सम्पादक किशोरले हप्तैपिच्छे लेखिपाऊँ भनेर मसँग पटकपटक अनुनय गरे । उसो त आनासुकी ज्याला दिने चिप्लो वाचा पनि गरिहाले । र, म लेख्न थालेँ । दुई

किस्ता सम्पादकीय पृष्ठमा छापे पनि । तर, तेस्रो किस्तालाई लखेटेर तिनले पाठकका दृष्टिमा बिरलै पर्ने सातौँ पृष्ठमा पुऱ्याए । उद्विग्न मुद्रामा सोचेँ, चतुरमति किशोरसँग नसकिने रहेछ । र, स्तम्भ मैले त्यत्तिकै हापिदिएँ । दिउँला भनेको पैसो म माग्न गइनँ, पुऱ्याउन उनी आएनन् । सम्झेर ल्याउँदा विचित्र लाग्छ, दैव ! किशोर भन्ने नाउँसँग मेरो ग्रह नै पो नमिलेको हो कि !

*हिमाल* पाक्षिक र *कान्तिपुर* दैनिकबाट मेरो स्वविवेकीय बहिर्गमनको कथा भने बेग्लै छ । *हिमाल*मा माउ शीर्षक 'विचार' भएको मेरो एक पेजको लुरे स्तम्भ थियो । त्यसमा म राज्य र विद्रोही माओवादीबीचको द्वन्द्वको चाप र चेपमा परी पीडित हुने र द्वन्द्वको यो वा त्यो पक्षको ज्यादतीको सिकार हुने दुःखीहरूको दशा र दुर्दशाको सचेतनकारी कथा कहन्थेँ । माओवादी पक्षको ज्यादतीबारे जब लेख्थेँ, त्यो झटपट छापिन्थ्यो । तर, राज्य पक्षको ज्यादतीको कथा भने यदाकदा आनाकानी र आलटलमा पर्थ्यो । कहिले यसपाला स्पेस पुगेन है भनिन्थ्यो । र, कहिले भनिन्थ्यो, प्राथमिकतामा अर्कै अति जरुरी माल पर्न गयो । पछि त्यो क्रम बढेर गयो । र, म झस्कें । प्रकाशनका श्रीहजुरहरूद्वारा आफ्नो कुशल कलामार्फत कतै मेरो स्तम्भको दुरुपयोग गरिँदै त छैन ? बस्, स्वनिष्काशनको बाटो भएर *हिमाल*बाट म सुटुक्क बाहिरिएँ ।

आयो कुरा अब अखबारी लेखनको मेरो देउराली *कान्तिपुर*को । नागार्जुन वनतिर भाग्नुअघि राजा ज्ञानेन्द्रले नारायणहिटी दरबारमा गाईजात्रे पत्रकार सम्मेलन गरे । त्यो तिनले रचेको आफ्नो निर्दोषिताको दोषयुक्त नाटक थियो । र, त्यो थियो केवल शब्दजालको सुन्दर आवरणभित्र आफ्नो कुरूप अनुहार लुकाउने धृष्टता पनि । तर, ज्ञानेन्द्रले विनारक्तपात बडो मर्यादित ढङ्गले सिंहासन त्यागे भनी सञ्चारमा तिनको अखण्ड महिमा मण्डन गरियो । मैले तर्क गरेँ – गलित नख दन्त भएर पनि आफ्ना कुकर्महरूप्रति एकरत्ती पश्चात्ताप नगर्ने खलपात्रको यत्रो महिमा मण्डनको तुक के हो ? जनमानसलाई सैनिक बुटले कुल्चिँदै आफ्नो उन्मादी हैकमको राँकोले आफ्नै सिंहासनमा आगो झोसेर भाग्नुमा मर्यादित र तारिफयोग्य तत्त्व आखिर के छ ? *कान्तिपुर*को मेरो स्तम्भ बेलाको बोलीमा त्यो छापिएन । लूटको धनको चाङमाथि उभिएका ज्ञानेन्द्र शाहलाई सिङ्गै डाँडो ओगट्ने नागार्जुन दरबार बित्थामा टक्र्याउनु किन ? र, त्यो थियो मेरो अर्को किस्ताको जिज्ञासा । *कान्तिपुर*मा त्यो पनि छापिएन । मलाई न इन्कारीको सूचना दिइयो, न त इन्कारीको कारणको खुलासा नै गरियो । आजीत भएर गम खाएँ, अबलाई *कान्तिपुर*मा मेरो स्तम्भको मिति पुगेछ । र, स्तम्भकारको नाताले टाढैबाट नमस्कार गरेर *कान्तिपुर*बाट मैले स्वेच्छिक अवकास लिएँ ।

## सार्थक हस्तक्षेपका क्षणहरू

अनेक चौतारीहरूमा आश्रय लिएर, कतिपयबाट लखेटिएर र कतिपयबाट भागेर केही तीता-मीठा अनुभव आर्जन गरेपछि म २०५७ साउनमा *कान्तिपुर* दैनिकमा पुगेको थिएँ । त्यसबखत पहुँच, प्रभाव र चुरीफुरीका दृष्टिले पाठकको बजारमा *कान्तिपुर*को एकछत्र राज भइसकेको थियो । लेखकका लागि *कान्तिपुर*मा पाठक पनि थियो, प्रतिष्ठा पनि थियो र थियो थोरैतिनो पैसो पनि । *कान्तिपुर*मा मेरो प्रवेशको कथा घुमाउरो छ । थालनीकालमा सम्पादक योगेश उपाध्याय थिए । मैले अनेक पटक लेख पठाएँ । तिनले कहिल्यै छापेनन् । मलाई लाग्यो, *कान्तिपुर*मा चोखा विष्टहरूको वर्चस्व छ । म अछूतलाई ठाउँ दिए सके त्यो बिटुलिन्छ । पछि बीबीसीबाट युवराज घिमिरे कान्तिपुरको सम्पादकको औतारमा प्रकट भए । लन्डनमा छँदा हामी दुवैका मित्र विमल फुँयालले मेरो नाम तिनलाई टिपाएका रहेछन् । एक बिहान घिमिरे मलाई खोज्दै मेरो घरदैलोमै आए । लेखक खोज्न यसरी घरदैलो चाहार्ने विनयशील सम्पादक सायद घिमिरे मात्रै हुन् । यिनै घिमिरेले मेरा हातको पानी चलाइदिएर मलाई *कान्तिपुर*मा प्रवेश गराए । पछि नियमित स्तम्भ थाल्न मलाई हौस्याएको पनि यिनैले हो ।

मेरो दीर्घकालीन स्तम्भ लेखन *कान्तिपुर*मै भयो, र यसको अन्तिम विश्राम पनि *कान्तिपुर*मै भयो । शब्दकर्मद्वारा चरणचरणमा स्मरणीय क्षणहरू नबने स्तम्भ निरन्तर गतिमान हुँदैन । त्यो रूढिमा फेरिन्छ, पाठकीय बजारमा त्यसको ओज खस्किन्छ र मालिकका दृष्टिमा त्यो मालको बिक्रीमूल्य न्यून हुन्छ । *कान्तिपुर*मा तीनओटा घटनामाथिको हस्तक्षेप मेरालागि स्मरणीय बने । प्रजातन्त्रको मिथ्या आवरण भिरेको देउवाकालीन सङ्कटकाल, दरबार हत्याकाण्ड र ज्ञानेन्द्रको फौजी शासन । यी तीन हस्तक्षेपमा मेरो स्तम्भ चिन्तनको प्रतिपक्षी धारमा उभियो । देउवा सङ्कटकालको तरबार जब प्रेसमाथि झुन्डियो, त्यसको प्रतिकारमा खडा हुन खोज्दा 'कुन्साङ काका' को जायजन्म भयो । कुन्साङ काका दमनकारी निषेधका छिद्रहरूबाट शब्द छिराएर आख्यान तत्त्व, विनोद र व्यङ्ग्यको योगद्वारा विद्रूप यथार्थलाई प्रतिकात्मकरूपले उजागर गर्ने एउटा कार्यनीतिक चाल थियो । मलाई लाग्छ, यो उपायले केही न केही काम गर्‍यो नै । नागरिकहरूका छातीतिर सङ्गीन ताकिएको आतङ्कमय र निसासलाग्दो वातावरणमा कुन्साङ काकाको पहिले मधुरो र क्रमशः चर्को हुँदै गएको स्वरले पाठकगणको अगाध स्वागत पायो । र, सहधर्मीहरूका यस्ता अनेक चेष्टाहरूको योगबाट सङ्कटकालीन निषेधका पर्खालहरू चर्किंदै र भत्किंदै गए ।

जब दारुण दरबार हत्याकाण्ड घटित भयो, स्वतन्त्र भनिने नेपाली सञ्चार जगत्बाट बहुकोणीय आलोचनात्मक आवाज झण्डैजसो विलुप्तै भयो। के प्रधानसेनापति, के गृहमन्त्री, के ठूला सम्पादक, के स्तम्भकार, के पठित कुलीनहरू सबैले घटना आफ्नै आँखाले प्रत्यक्ष देखेझैँ गरी कण्ठस्थ भाकामा एउटै कुरा बोले – एकल हत्यारो पागल प्रेमी दीपेन्द्र शाह हो । एकदमै प्रयोजित ध्वनित हुने त्यो बोली मलाई केवल एक कोण, एक रङ्ग र एक आयामको कोलाहलकारी प्रलापतुल्य लाग्यो । अत्यास, भय र आतुरी भरिएको त्यो कोलाहलमा प्रतिवाद गर्न असमर्थ मृतक दीपेन्द्रका थाप्लामा दोष थोपरेर कसैलाई दोषमुक्त गर्ने अभिप्रायको गुञ्जन टड्कारै सुन्न सकिन्थ्यो । उसो त त्यो कोलाहलमा रक्तरञ्जित सिंहासनमा नयाँ भाग्यविधातालाई विराजमान गराउने व्यग्र चाहनाको तीव्र प्रतिध्वनि पनि थियो। मैले त्यो कोलाहलमाथि प्रश्न गरेँ। मदिरा र 'नाम नखुलेको कालो पदार्थ' सेवन गरेका, नशाले लल्याकलुलुक भएर चर्पीमा बान्ता गरी इन्तु न चिन्तुको अवस्थामा लम्पसार परेका दीपेन्द्रको कुन औतारले भारी हतियार फेरीफेरी हलिउड स्टाइलमा रच्यो त्यत्रो हत्याकाण्ड ? उन्मादीले छानीछानी र ताकीताकी हत्या गर्दा भुसतीघ्रे राजीव शाही र पारस शाह के हेरी बसेका थिए ? दाहिने हात चलाउने पात्रले कसको हात सापटी लिएर आफ्नो ललाटको देब्रेतिर दाग्यो गोली ? दीपेन्द्र ढलिसकेर पनि भित्र गोली चलाइरहने दीपेन्द्रको प्रेत औतारमा को थियो ? जिज्ञासा र प्रश्नमा उनिएको मेरो प्रतिपक्षीय तर्क चैते तप्त खडेरीमा काकाकुलको मुखमा पानीको एक थोपो वर्षिएझैँ भयो । र, सँगसँगै मेरो तर्कमाथि चिन्तनको राजकीय कारखानाबाट आक्रमणको भयङ्कर वर्षा भयो । र नै त त्यो मेरो झण्डैजसो एकल यत्नले अर्थ ग्रहण गऱ्यो ।[1]

म घटनाको प्रत्यक्षदर्शी होइन । त्यसैले यथार्थमा हत्याकारी पात्र को थियो वा को को थिए मलाई थाहा छैन । सके कहिल्यै थाहा नहोला पनि । तर, स्तम्भ लेखनको दीर्घ यात्रामा त्यो हस्तक्षेप मेरालागि स्मरणीय क्षण बन्यो । मृतक दीपेन्द्रको चैतन्यहीन अनुहारमा कलङ्कको मोसो दलेर जसको अनुहारबाट गम्भीर आशङ्काको मोसो धोईपखाली गर्नु थियो त्यो उद्योग चिताएजस्तो गरी सफल भएन । र, शब्द ठीक बेलामा ठीक ठाउँमा पर्दा त्यसबाट उत्पन्न हुने प्रभावको बिछट्टको शक्तिमाथि मेरो विश्वास झनै बढेर गयो । र, मेरो आफ्नै लेखनबाट मेरा कानमा गुञ्जिने आवाजले मलाई भन्यो – सहजकाल होस् कि सङ्कटकाल,

---

[1] दरवार हत्याकाण्डको सेरोफेरोमा लेखिएका लेखहरू एउटा पुस्तक (सङ्ग्रौला २०५८) मा सङ्गृहित छन् ।

छेउमा सहधर्मी साथी भए साथीसित स्वर मिलाएर बोल, साथी नभए एक्लै बोल र सतत् बोलिराख ।

ज्ञानेन्द्रीय तानाशाही मेरो स्तम्भलेखनभरिको सबैभन्दा कठोर र कष्टकर समय थियो । अखबारगृहमा शाही राइफल पस्दा सम्पादकको सातोपुत्लो उड्यो । तिनले लाचार स्वरमा मलाई सुझाए – राजनीतिइतरका विषयमा मात्र चलखेल गर । सोचेँ, सहजकालमा बोल्ने त जति पनि हुन्छन् । लेखकको असल धर्म त सङ्कटकालीन शून्यताको तलाउमा ढुङ्गो हान्न आँट गर्नु पो हो । मैले सतहमा हास्यरस सञ्चार गर्ने प्रतीकहरूको संयोजन गरेर एकदमै घुमाउरो शैलीमा अन्तर्यमा मुलायम व्यङ्ग्य लेपन गरेँ । त्यो लेखन उज्यालो खस्नुअघि धेरै टाढाबाट आएको भालेको मधुरो डाकजस्तै थियो । उसो त त्यो भयकारी सन्नाटामा जीवनका मसिना तरङ्गहरू फैलाउने जोखिमयुक्त यत्न पनि थियो ।

नागरिकका मुख, आँखा र कान थुन्ने क्रूरतम् फौजी सङ्कटकालमा मैले शब्दको जीवनदायी शक्ति अनुभूत गरेँ । त्यो कालमा आफूसँग असहमत हुने जोकोहीलाई फगत शङ्काकै भरमा अपहरण गर्नु, एकलासको यातना गृहमा कोच्नु र बेपत्ता पार्नु भयाक्रान्त शासनतन्त्रको दिनचर्या थियो । बेपत्ताको स्थितिमा हराएका पूर्ण विराम, पिबी दियाली, रामनाथ मैनाली र विजय आचार्य कहाँ छन् भनी मैले फौजी सत्तालाई सोधेँ । पछि यी चार पीडित मानव फौजी पञ्जाबाट उम्केर थङथिला ज्यान र विदीर्ण मन लिएर जिउँदै बाहिर निस्के । र, यिनले लगभग उस्तै भाकामा मेरा शब्दप्रति कृतज्ञता प्रकट गरे – तिमी बाहिर थियौ र नै हामीलाई जिउँदै बाहिर निस्कने सौभाग्य प्राप्त भयो । तिमीले हामीलाई पुनर्जीवन दियौ । तिनको मुक्तिमा मेरा शब्दको त्यत्रो ठूलो योगदान हुँदो हो भन्ने त मलाई लाग्दैन । तथापि शब्दमा निहित जीवनदायी शक्तिको बोधले मलाई लेखन कर्ममा उमङ्ग र आनन्द प्रदान गर्‍यो ।[२]

## लेखक, पाठक र सम्पादक

जिउँदो स्तम्भले पाठकहरूमा प्रतिक्रियाको तरङ्ग त पैदा गर्छ नै । तरङ्गको रङ्ग सामान्यतः पाठकको वर्गीय अवस्थिति र दलीय नाताले निर्धारण गर्छ । र, प्रतिक्रिया पाठकपत्रका रूपमा लाम लागेर सम्पादकीय टेबुलमा आउँछ । टेबुलको फाँटवाला सम्पादकले आफ्नो वैचारिक रुचि वा आग्रहअनुरूप पत्रहरू चयन

---

२ सङ्कटकालताका छापिएका मेरा लेखहरू छानेर एउटा अर्को पुस्तक (सङ्ग्रौला २०५९) मा सङ्गृहित छन् ।

गर्छ । मेरो अनुभवमा यो चयन प्रायः उच्चाटलाग्दो हुन्छ । सुल्टो र उल्टोको बाना मिलाउन केही थान प्रशंसा र केही थान भर्त्सना रोजिन्छ । धेरैजसो पत्रले स्तम्भको माउ विषय समातेर प्रतिक्रिया गर्दैनन् । स्तम्भकारप्रतिको आफ्नो पूर्वनिर्मित आग्रहप्रति वशीभूत भई तिनले कि त आँखा चिम्लेर प्रशंसा गर्छन् कि भर्त्सना । लाग्छ, पत्र चयनकर्ता स्वयंले प्रायः स्तम्भ ध्यानपूर्वक नपढीकनै पत्र चयन गर्छ । अथवा ऊ पनि कतिपय पत्र लेखकझैँ हठाग्रहको चश्मा लगाएर टेबुलमा गजधम्म बसेको हुन्छ । र लाग्छ, यदाकदा ऊ आफैँ पनि प्रायोजित ढङ्गले पत्रहरूको उत्पादन गर्छ । कुरो गजब छ, यदाकदा लेख छापिएकै दिन छापिने प्रतिक्रिया कुन रहस्यमय पाठकको सिर्जना हुँदो हो ?

'स्याबास्' वा 'धिक्कार' मेरालागि कुनै अर्थबाहक प्रतिक्रिया होइनन् । तिनले मलाई न केही बोध गराउँछन्, न केही सिकाउँछन् । उसो त पत्र लेखनको यो काइदाले पाठक स्वयंलाई पनि कहिल्यै केही सिकाउँदैन । यहाँ मलाई 'साहित्य सन्ध्या' नामक वामपन्थको कर्मकाण्डीय साहित्यिक पाठशालाको याद आउँछ । यो पाठशालामा महिनैपिच्छे बाह्र वर्षसम्म सहभागी भएर पनि प्रगतिपथमा एक पाइलो अघि बढ्न नसकी कवि-लेखक बन्न नसकेका कवि-लेखकहरू मैले थुप्रै देखेको छु । जहाँ नूतनको खोजी गर्ने सन्देहशील, आलोचनाशील, रचनाशील र तर्कशील प्रवृत्तिलाई सचेतरूपले प्रोत्साहित गर्ने शिल्पी, वातावरण र प्रक्रिया हुँदैन, त्यहाँ लेखक वा पाठक दाइँ गर्न मियोमा नारिएको गोरुझैँ नित्य एकै फन्कोमा घुमिरहन्छ । मलाई लाग्छ, पत्र चयन वा उत्पादनको हकमा प्रायजसो अखबारहरू यही कर्मकाण्डीय रोगबाट आक्रान्त छन् ।

फिचर टेबुलको हर्ताकर्ता पात्र लेखको सम्पादनमा निकै नै रुचि राख्छ । तर प्रायः ऊ सम्पादन गर्दैन, छटनी-कटनी गर्छ । सम्पादनको प्रयोजन लेखकको विचारमाथि कैँची चलाउनु किमार्थ होइन । बरु यो त लेखकको विचारलाई सशक्त र झनै प्रभावकारी हुने गरी लेखलाई पठनीय बनाउन यत्न गर्नु हो । यस्तो सम्पादनले सम्पादकबाट तीक्ष्ण दृष्टि, गहन संवेदनशीलता र निपुण शिल्पको अपेक्षा राख्छ । तर, हाम्रो फिचर सम्पादक प्रायः यी गुणहरूबाट सज्जित हुँदैन । र, उसमा हुनुपर्छ भन्ने चेत पनि हुँदैन । तथापि उसलाई लाग्दो हो, सम्पादनको गरिमामय अख्तियारी आफूमा छ त केही न केही पदीय कर्म म किन नगरुँ ? बस्, ऊ कहिले शीर्षकमै कैँची चलाउँछ । कहिले लेखको केही अंश झिक्छ । कहिले लेखकको झर्रो वा नवनिर्मित शब्दको अर्थ नबुझेर अनर्थ हुने गरी अर्कै शब्द राखिदिन्छ । लेखको पेट बेहोरामा कतै प्रहारको निशानामा आफ्नो कुनै इष्टदेव पर्न गयो भने निज इष्टदेवको सेवामा ऊ त्यो अंश नै गायब गरिदिन्छ । जब म उजुर गर्छु,

सम्पादक चोर बाटो गरी पाठकपत्रमार्फत के लेखक सर्वज्ञ चतुर्मुखी हो भनी प्रायः ओठे जबाफ पो दिँदो हो कि भनी मलाई शङ्का लाग्छ।

दीर्घकालीन अखबारी लेखनमा फिचर सम्पादनमा गोविन्द अधिकारीलाई मैले निकै नै निपुण पाएँ। यीसँग मेरो पहिले *हिमालय टाइम्स*मा सङ्गत भएथ्यो, अहिले सङ्गत *नागरिक* दैनिकमा छ। पुनरुक्तिजस्तो लागेर लेखको कुनै अंश हटाउँदा केन्द्रीय कथ्यमा कुनै आँच नआउने महसुस हुँदा अथवा प्रहारको तोड सारै चर्को भएर निशानामा पर्ने पात्र मूर्च्छित नै पो होला कि भनी डर लाग्दा यी अधिकारी सविनय मलाई सोध्छन्। उसो त कहिलेकाहीँ विना सोधनीपुछनी सानातिना हेरफेर आफैँ पनि गर्छन्। यिनका संवेदनशील र कुशल हातले त्यो कर्म गर्दा विचार तरङ्गहरूको सिक्रीरूपी प्रवाह भङ्ग हुँदैन, लय र तालमा आघात पर्दैन, ध्वनि खल्बलिँदैन। यिनले कहिलेकाहीँ वाक्यांशहरूको स्थान परिवर्तन गरी वाक्य छरितो एवं सुबोध्य बनाइदिएको र गलत ढङ्गले प्रयोग भएका शब्दहरू सच्याइदिएको शिक्षाप्रद सम्झना पनि मलाई छ।

सशक्त शब्दकर्मले सामाजिक यथार्थका प्रक्रियाहरूमाथि हस्तक्षेप गर्छ र त्यसले जनमतलाई आवाज, आकार तथा दिशा दिन सघाउँछ भन्ने विश्वासमा स्तम्भ लेखिन्छ। तर, शब्दकर्मको प्रतिफल मूर्तरूपमा दृष्टिगोचर हुँदैन। र, कहिलेकाहीँ मलाई व्यर्थमा पो यो लेखिरहेको छु कि भन्ने ननिको आशङ्काले पिरोल्छ। जब पारखी आचार्यहरूबाट आक्कलझुक्कल गम्भीर र अनुरागमयी प्रतिक्रिया सुन्न पाइन्छ, स्तम्भकारलाई आफ्नो लेखनकर्मको अर्थबोध हुन्छ। र, ऊ निष्ठा र समर्पणका साथ आफ्नो नित्यकर्ममा घस्रिरहन्छ।

*नेपाल* साप्ताहिकको पुस्तकचर्चा स्तम्भमा प्रत्यूष वन्तले पढ्नै पर्ने पुस्तकमा मेरो *जनआन्दोलनका छर्राहरू* सिफारिस गरेको देखेर म एकसाथ चकित र हर्षित भएँ। सरदर अखबारी स्तम्भको आयु एक दिने हुन्छ। पाठकले त्यो पढ्छ र फेरि कहिल्यै नसम्झिने गरी बिर्सन्छ। भोलिपल्ट छाप्न अघिल्लो दिन हत्तपत्त लेखिएका मेरा छर्राहरूमा वन्तले के अर्थ र प्रासङ्गिकता जीवित रहेको देखे मलाई थाहा छैन। तथापि उनको त्यो टिप्पणीमा आफ्ना शब्दको फूलबारीमा टाक्सिएकै भए पनि केही कोपिला लागेको मैले कल्पना गरेँ। अभि सुवेदीको टिप्पणी सम्झन्छु। उनी मार्टिन चौतारीमा आफ्नो स्तम्भलेखन अनुभव सुनाउँदै थिए। स्तम्भका अनेकओली बान्कीहरूको चर्चा गर्दा उनले मेरो नाउँ पनि पुकारे। भने – सुरुमा यिनका घटनामुखी राजनीतिक टिप्पणी मलाई क्षणभङ्गुरजस्ता लागे। पछि चाल पाएँ, यिनी घटना र पात्रबाट प्रस्थान गरी मानवीय संवेदनालाई गहिरो गरी स्पर्श गर्दा रहेछन्। मैले पनि यसै गरी लेख्न खोजेँ, तर सकिनँ। अनि म आफ्नै सोचाइ र

शैलीको बाटो लागें । सीके लालको टिप्पणी पनि मैले बिर्सेको छैन । यी जन्मजात लाललाई एक करिबन लाल पाठकले सोधेछन् – तपाईंको र सङ्ग्रौलाको लेखनमा के फरक छ ? लालले भनेछन् – सङ्ग्रौला हृदयले लेख्छन् र उनको लेखनले पाठकको हृदयलाई भ्याप्पै छुन्छ । म मस्तिष्कले लेख्छु । मेरो लेखनले केलाई छुन्छ मैलाई थाहा छैन । विलक्षण विश्लेषक लालको यो विनयशील टिप्पणीमा मैले आफ्नो लेखनको शुष्क भए पनि स्पन्दन महसुस गरें । मेरा रिपु डीपी भण्डारी भन्छन् – राजनीतिक व्यङ्ग्य लेखनमा चाबेलको चाउरे माहिर छ । यी रिपु खुबै बाठा छन् । यिनले तारिफ गरेका हुन् कि गिज्याएका हुन् भन्न गाह्रो छ ।

दुई पाठकका मनोविनोदी एवं मार्गदर्शनकारी टिप्पणी जब सम्झन्छु, म सधैं फिस्स हाँस्छु । कल्पना ढकाल र सुधीर शर्माको बिहा भोजमा फोटोकर्मी चन्द्रशेखर कार्की तरल तत्त्वको घोडामा शानले सवार भएका थिए । तिनले मलाई अर्ती-शिक्षा दिँदै पटक-पटक भने – तपाईंको म कहिलेकाहीँ पढ्छु । सधैं पढ्नेहरू राम्रो छ भन्छन् । तर, दुईओटा काम नगर्नू । मिस नेपाल सुन्दरीको विरोध नगर्नू, पाठक प्रतिक्रियाको जबाफ नलेख्नू । बस्, अरू सब ठीक छ । सुनेर सोचें, वाह ! क्या दियो चन्द्रशेखरले ? उता श्री केपी शर्मा ओलीको पाठकीय काजु टिप्पणी झनै स्वादको छ । ज्ञानतन्त्रविरोधी आन्दोलनको याम थियो । ओलीजीले आन्दोलनलाई दर्शन दिन कृपापूर्वक पाउकष्ट गरेको मैले कहिल्यै देखिनँ । एक दिन उनकै दलका एक बौद्धिक कार्यकर्ताले विस्मित भाकामा भने – तिनले त दाइ, कम्तीमा पचहत्तर लाखको घर बनाए छन् । सोचें, ओली बाबुको केही थिएन । कुन स्रोत, कुन दानदातव्य वा कुन लूटको रकमले बनाए हुनन् यी सर्वहाराले त्यत्रो हबेली ? र, मैले ओलीबाबु आफ्नो नवनिर्मित कैलासकुट भवनको तेस्रो तलाको कौसीमा बसेर भुटेका काजु खाँदै आन्दोलन नजर गरिरहेका होलान् भनी हल्का व्यङ्ग्यवाण चलाएँ । त्यो बिहान म बाहिर कतैबाट घरपिँढीमा हाजिर हुनासाथ गृहलक्ष्मीले भनिन् – ए बूढा, केपी र काजुको कुरा के हो ? किन र ? बुढियाले कुरो खुलाइन् – केपीले भन्या, त्यसमा तथ्यगत त्रुटि हुन गयो रे । कसरी ? उनी भुटचा होइन, काँचा काजु खान्छन् रे । राष्ट्रिय प्रतिभालाई यस्तो तथ्यगत त्रुटि गर्न सुहाउँदैन रे । अति पुख्खली केपीको अनपेक्षित दिव्य वाणी सुन्दा म कानसम्म मुख च्यातेर हासें । पाठकहरूबाट आउने हास्यरसयुक्त यस्ता प्रतिक्रियाहरूले लेखकको दिल बहलाउ त गर्छन् नै, स्तम्भमा हास्यतत्व भर्न पनि सघाउ पुऱ्याउँछन् ।

मेरो एउटा पाठक छ जो आफैं आफ्नो दुःखको स्रष्टा हो । जब उसका इष्टदेवहरू मेरो शब्दबाणको तारो बन्छन्, ऊ ऐय्याआत्थो गर्दै रुन्छ । र, बडो चतुऱ्याइँसाथ

सद्भावयुक्त ध्वनित हुने अर्ती दिँदै ऊ भन्छ – सङ्ग्रौला साहित्यशिल्पी हो। आफूभित्रको कस्तुरीको भेउ नपाउने मृगझैँ आफ्नो प्रतिभा र सीपको भेउ नपाएर क्षणभङ्गुर अखबारी लेखनमा ऊ बित्थामा बरालिइरहेछ। तर, जब मेरो साहित्यिक लेखनको प्रहार उसको इष्टदेवमाथि पर्छ, ऊ फेरि रन्थनिन्छ। र, भर्त्सनाको चुचुरोमा उभिएर घोषणा गर्छ – सङ्ग्रौला कतै केहीमा पनि काम नलाग्ने गाली शिरोमणि हो। यो पाठकको मनोदशा र दुर्दशा देख्दा मलाई टीठ लाग्छ। ऊ आफैँ आफ्नो दुःख बनाउँछ र बित्थामा मलाई फत्तुरको पगरी गुथाइदिन्छ।

## पारिश्रमिक, गुणवत्ता र मुक्का

यो अनुभव लेख्न बस्नुअघि लेखनको सर्जाम जोहो गर्ने मनसुवाले मैले केही स्तम्भ लेखक र गैरस्तम्भ लेखकसँग अखबारी लेखनसम्बन्धी अनुभव माग्न हात थापेँ। एकजना राम्रै बिकाउ लेखकले झटपट भने – पारिश्रमिक वृद्धिको कुरो दरा चालले उठाउन नबिर्सनू। पारिश्रमिकसिवाय उनको भन्नु केही थिएन। त्यो देखेर म अवाक् भएँ। लाग्यो, मनग्गे पारिश्रमिक नपाउनुको दुःखले यस मुलुकका लेखकहरू हुनुसम्म आहत भएका छन्। तर, मोलीमोलाइ गर्ने आफ्नो सामर्थ्य बढाउन लेखनको गुणवत्ता उकास्ने कुराप्रति भने यी पीडितहरूमा उत्रो चिन्ता म देख्दिनँ।

लेखेर मैले पहिलो पटक पैसो थापेको सरकारी भजनपत्र भन्न मिल्ने *गोरखापत्र*बाट हो। चौबीस सालमा छापिएको मेरो कथाले मलाई चौबीसै रुपियाँ हातलागी गराएथ्यो। लेखेर पैसो थाप्दाको त्यो क्षण मेरोलागि असीम आनन्दको क्षण थियो। लामो समयसम्म मेरो रचना प्रकाशन झिना-मसिना वाम प्रकाशनहरूमै सीमित रह्यो। ती मानिन्थे मिसनमार्गी प्रकाशन। द्रव्यको दुर्भिक्षबाट सधैँजसो पीडित ती प्रकाशनले लेखकलाई ज्याला दिने कुरै थिएन। फेरि, वाम वृत्तमा ज्यालाको अपेक्षा गर्नु भनेको आफ्नो निष्ठा र समर्पणबाट च्यूत हुनुसरह थियो।

प्रकाशनहरूको विविधता र विस्तारसँगै लेखकले ज्याला पाउने वातावरणको सिर्जना हुन थाल्यो। यो छयालीस साले राजतन्त्रमुखी प्रजातन्त्रसँगै फस्टाएको प्रेस र विचारको प्रतिस्पर्धाको देन हो। प्रकाशन फाँटमा जब तीव्र प्रतिस्पर्धा सुरु भयो, वाम अखबारहरू पनि अलि बिकाउ मानिने लेखकलाई आनासुकी ज्याला दिन थाले। वाम डबलीमा मलाई ज्याला दिने पहिलो अखबार *जनएकता* हो। यो ज्यालाको कथा बडो हृदयविदारक छ। प्रायः लघु वृत्तमा बाँचेको *जनएकता* सधैँ घाटाको व्यापार गर्दै थियो। त्यसको दयनीय आर्थिक दशा सम्झँदा ज्याला माग्न जान कहिल्यै मेरा खुट्टा लागेनन्। तर, कर्मनिष्ठ सम्पादक गिरिराजमणि पोखरेल परे वचनका एकदमै पक्का। दुई-तीन महिनाको अन्तरालमा ती ज्याला

टक्र्याउन धाएर मेरो घरदैलोमै आउँथे । जब ती चुनदाम गरी बटुलिएका एक, दुई, पाँच र दस रुपियाँका नोटको सानो बिटो खल्तीबाट झिक्थे, मलाई कसोकसो ग्लानि अनुभव हुन्थ्यो । भो, म लिन्न भनुँ, दैनिक गर्जो टार्न मलाई गाह्रो छ । चुपचाप लिऊँ, मलाई पोखरेलका पसिना निचोरेर हात थापेजस्तो लाग्छ । त्यो नैतिक द्वन्द्वले मेरो अन्तस्करणमा पारेको घाउ अझै आलै छ ।

केही वर्षअघि मकवानपुर जिल्लाको दामनमा दक्षिण एसियाली स्वतन्त्र पत्रकार सङ्गठन (साफ्मा) नेपालको दानापानीमा स्तम्भकारहरूको एउटा जमघट भएको थियो । जमघटमा पारिश्रमिकमा आफू ठगिएको गनगनमा आमसहमति भयो । र, लेखकलाई गनगनमुक्त गर्ने मनसुवाले राजेन्द्र दाहालले जुक्ति सुझाए । तिनको जुक्तिमा दुई तत्त्वको योग थियो । आफ्नो लेखनको गुणवत्ता उकास्ने यत्न र लगनमा डट्नुका साथै पारिश्रमिक वृद्धि गरिमाग्न सम्पादकको टेबुल ठोक्दै जाने कार्य । अन्य ध्येयका अतिरिक्त सामूहिक टेबुल ठोकाइबाट पारिश्रमिक बढाउने हेतुले स्तम्भकार क्लब गठन गरियो । विडम्बनावश, संयोजकमा म रोजिएँ । यो विद्वान् प्रदीप गिरीलाई काँग्रेसको सभापति रोज्नुजस्तै कुरा थियो । उनी परे जातले जोगी, म परेँ स्वभावले जोगी । फकिर जीवनशैलीको जोगीले समयको बन्देज तथा नीति र विधिमा बाँधिएर सङ्गठनको नेतृत्व के गर्थ्यो ? स्तम्भकार क्लबको डुङ्गा तार्न सक्ने पात्रता ममा नहुँदा हाम्रो क्लब तात्नै नपाई सेलायो र हरायो । लाग्छ, सङ्गठनको लगाम सुयोग्य पात्रका हातमा रहने गरी यस्तो क्लब बनाउनु लेखकलाई गनगनमुक्त हुन सघाउने साधनले सुसज्जित गर्नु हो ।

टेबुल ठोक्ने प्रसङ्ग उठ्दा मलाई *राजधानी* दैनिकको टेबुल ठोक्न हुल बाँधेर गएको घटनाको याद आउँछ । एकाध दैनिकबाहेक धेरैजसो अखबारले दिउँला भनी बाचा गरेको नाममात्रको ज्याला दिन पनि धिङन्याइँ गर्छन् । बरा लेखक याचकसरी दाँत देखाउन पटकपटक सम्पादकको दर्शनमा हाजिर हुन विवश हुन्छ । राजधानी दैनिकमा त्यस्तै भयो । आजीत भएर हामी पाँच-सातजना स्तम्भकार मुक्का उजाउँदै गयौँ । सम्पादक जीवेन्द्र सिम्खडाको हाम्रो मुक्का प्रदर्शनमा गोप्य ऐक्यबद्धता थियो । ज्याला नलिई बाटो नलाग्ने हाम्रो जिद्दीसामु झुकेर फाँटवालाले हामीलाई केही पैसो दियो, हारथाक भएर बाँकी पैसो माया मारियो ।

विचार र शिल्पको लागत मूल्य निर्धारण गर्ने वस्तुनिष्ठ मानक हुँदैन । सामान्यत: माग र आपूर्तिको अर्थशास्त्रीय नियमले यस्तो मूल्य निर्धारणमा काम गर्दो हो । तर, यो पनि गोचर र मूर्त भने हुँदैन । लेखकविशेषको ज्याला दाबी गर्ने सामर्थ्य उसको लेखकीय पहिचान, उसको लेखनको ओज र विशिष्टताका साथै पहुँच र प्रभावकारिता समेतमा निर्भर गर्छ । लाग्छ, अनिवार्य तत्त्व अर्थात्

अतको हैसियत प्राप्त लेखकको घुर्कीले पनि ज्यालावृद्धिमा धेरथोर काम गर्दो हो । यसमा यदाकदा विचारको कोण वा रङ्गको पनि अर्थ हुन्छ । यो अखबारमा मालको बाना मिलाउन गरिने व्यापारिक उपाय हो । मेरो लेखनको यथोचित ज्याला कति हुँदो हो मलाई थाहा छैन । चौबीस सालको चौबीस रुपियाँ बढेर अहिले छैसठ्ठी सालमा तीन हजार भएको छ । हिजोसम्म लेखेर चुनदाम नपाइने समाजमा लेखकका लागि यो निश्चय नै शुभ सङ्केत हो । तर, गुणवत्ता वृद्धिको ध्वजा उचालेर निजी र सामूहिकरूपले मुक्का उजाउने चेष्टा भने जारी रहनै पर्छ । लेखनको गुणबत्ताविनाको गनगनबाट केही हातलागी हुनेवाला छैन ।

## स्तम्भको नशा र सम्पादकको अनुहार

स्तम्भलेखन एक मिसन अर्थात् लक्ष्यमुखी कर्म हो । यो विचार, तर्क, युक्ति, शैली र नैतिक शक्तिको बलमा यथार्थका प्रक्रियाहरूमाथि निरन्तर गरिने हस्तक्षेप हो । यो जनमत बनाउने वा जनमत बिगार्ने सशक्त माध्यम हो । हुन त यो झर्कोलाग्दो कर्मकाण्ड पनि हो । स्तम्भकार हप्तैपिच्छे अखबारमा तारिख धाइरहन्छ । लेख्नलाई सान्दर्भिक विषय होस् वा नहोस्, जाँगर र उमङ्ग होस् वा नहोस्, तोकिएको दिनका लागि तोकिएजति शब्द नलेखी धरै छैन । स्तम्भको निरन्तरताको रहस्य बडो रोचक छ । लेख्दै जादा यो लेखन लत वा नशा वा विभ्रम बन्छ । र, स्तम्भकारलाई लाग्छ, म छु र नै चराचर सृष्टिको चक्र चलिरहेछ । मेरो स्तम्भ नहुँदा यो चक्र ठप्प हुन्छ । उसो त स्तम्भकारलाई डर पनि लाग्छ – मेरो स्तम्भ लेखनमा विराम चिह्न लाग्दा लोकस्मृतिबाट म विलुप्तै हुने पो हुँ कि ? म हराउने पो हुँ कि ? यी सबै कारकहरूको योगबाट स्तम्भकारलाई ऊर्जा, उमङ्ग र जाँगर प्राप्त भइरहन्छ । र, ऊ कहिले सान्दर्भिक विषयमा र जीवन्त शैलीमा र कहिले बासी विषय र निस्प्रभावी शैलीमा लेखिरहन्छ, लेखिरहन्छ ।

एकै प्रकारको संरचना र शैलीमा लामो समयसम्म लेख्दा लेखकले चालै नपाई स्तम्भ उच्चाटलाग्दो रूढि बन्ने डर हुन्छ । यस्तो रूढिबाट जोगिन संरचना र शैलीमा रूपगत भङ्गिमा परिवर्तन गर्नु जरुरी हुन्छ । 'कुन्साङ काका' को बिम्बरचना, यदाकदा उदाउने पृथक् पात्रहरूका डायरी र पत्रात्मक सम्बोधन रूढिको रोगबाट जोगिने मेरा अन्तरिमकालीन जुक्तिहरू हुन् ।

*कान्तिपुर*को स्तम्भलेखनमा मेरो प्रवेश जति ठूलो सम्मान र प्रसन्नता साथ भएको थियो, त्यही *कान्तिपुर*बाट म त्यति नै ठूलो अपमान र खिन्नताको बोझ बोकेर बाहिरिएँ । *कान्तिपुर*कै जस्तो वर्गीय र वैचारिक धरातलमा यसको हाराहारी प्रतिस्पर्धी बनेर *नागरिक* दैनिक निस्कन लागेको थियो । निकै समय

भएको थियो म *कान्तिपुर*बाट पन्छिएको । सुधीर शर्माले मसँग *नागरिक* निस्कुनअघि *कान्तिपुर*प्रति ऐक्यबद्धताका रूपमा कमसेकम एउटा लेख लेखीपाऊँ भनी आग्रह गरे । त्यस बखत शाही संस्कार र अहंकारले ओतप्रोत भएका एक जर्नेल बस्तीभरि प्रदूषण फिजाउँदै मृत राजतन्त्रको शव बोकेर हिँडिरहेका थिए । त्यो अनिष्टसूचक शवबाहन गणतन्त्र नेपालका प्रथम राष्ट्रपतिको आशीर्वादबाट निर्देशित थियो । नागरिक आन्दोलनका हामी केही नागरिकका नैतिक नाकमा त्यो शव ह्वास्स्सै गन्हायो । र, हामीले विमतिको भाकामा त्यो दुर्गन्धको चर्चा गऱ्यौँ । हामीले छिसिक्क चर्चा गर्नु के थियो बौद्धिक फाँटका सम्भ्रान्त बन्धुहरूको विशाल फौज हामीमाथि खनियो । त्यस्तोमा प्रतिवाद गर्न मलाई ठूलो माध्यमको खाँचो महसुस भएको थियो । त्यसैले राष्ट्रपतीय निर्देशन र जर्नेली अभिनयमाथि कटाक्ष गर्दै मैले *कान्तिपुर*मा लेखेँ (सङ्ग्रौला २०६६) । लेखको आशय राष्ट्रपति यादवले संविधानको लछुमनरेखा नाघेर छाडा जर्नेललाई दण्डहीनताको पुरस्कार दिए भन्ने थियो । *कान्तिपुर*मा मैले उठान गरेको विषयको वृत्तबाहिरबाट ममाथि पाठकपत्रको भेषमा आक्रमणको ओइरो लाग्यो । कहाँसम्म भने अक्षरहरूमाथि कालो छायाँ दिएर अतिरिक्त महत्त्वका साथ छापिएको एउटा पत्रमा सहरभरिका भट्टी चहारी हिँड्ने पूर्णकालीक मदिराबाजका रूपमा मेरो बिम्ब रचना गरिएको थियो । सम्पादक सुधीर शर्मालाई एसएमएसमा सोधी पठाएँ – यो पत्र *कान्तिपुर*को संहिताभित्रै परेको हो ? तिनले जबाफ फर्काएनन् । सोचेँ, तिनको मौनता निश्चय नै सम्मतिको लक्षण हुनुपर्छ । र, अपमानित, खिन्न र क्रूद्ध मुद्रामा म दोस्रो पटक *कान्तिपुर*बाट भागेँ ।

भाग्दैगर्दा मलाई लाग्यो, बिरलाकोटी अपवादलाई छाडेर हाम्रो सम्पादक स्वामिभक्त जागिरे हो । अथवा ऊ सञ्चार जगत्को भीडको एक सरदर पुर्जा हो । बौद्धिक सामर्थ्य, पेशागत निष्ठा र पदीय धर्मका दृष्टिले सम्पादक लेखकको रक्षक हुनुपर्ने हो । तर, ऊ लेखकको भक्षक बन्न लाजै मान्दैन । आत्मसान्त्वनाकारी भाकामा भनुँ भने शैशवकालीन पत्रकारिताको बालसुलभ चरित्र सायद यही नै हो ।

## लेखनको पुरस्कार

स्तम्भलेखनको दीर्घ यात्रामा मैले जानीजानी लुकाएको एउटा पाटो छ । यही लेखमार्फत कुरा खोल्दैछु । विभिन्न सत्ताका वर्चस्वशाली ठूला र ठालुहरूलाई ताकेर आक्रामक व्यङ्ग्य र कटाक्ष गरेको दिन प्रायः शुभचिन्तक र परचक्री दुवै कोणबाट मलाई थुप्रै फोन आउँथे । र, तिनले फरकफरक ध्वनिमा मलाई सोध्थे –

ए, घरैमा हो ? तिनका प्रश्नको अन्तर्यमा खोरमा नभएर कसरी घरमा भएको हो भन्ने आशय ध्वनित हुन्थ्यो । भयङ्कर लेख्छौ । तैपनि फुक्काफाल हिँडिरहेका छौ । डर लाग्दैन ? धम्कीसम्की आउँदैन ? र, यो हुन्थ्यो शुभचिन्तकहरूको अर्को जिज्ञासा । यस्ता प्रश्न र जिज्ञासाहरूको उत्तरमा मैले सधैँ ढाँटेँ । सधैँजसो हँस्यौलीको भाकामा भनिरहेँ – मलाई धम्क्याउन र छुन कुनै पनि इन्द्रेका बाउ चन्द्रेले आँट गर्दैन । तर कटु सत्य अर्कै थियो । र, मैले ढाँट्नुको अति संवेदनशील कारण थियो ।

अठ्तीस सालमा शिक्षक आन्दोलनको क्रममा निरङ्कुश शासनका गोटीहरूले मलाई केही महिना वीरगञ्ज कारागारमा थुने । ममाथि कुनै शारीरिक यातना थोपरिएको थिएन । तर, केही कल्पनाशील लाल शिक्षकहरूले मेरो जिब्रोमा करेन्ट र देहमा सिस्नुपानी लगाइँदैछ भनी समाचार छपाएछन् । आन्दोलनको वेगमा उत्तेजना र आक्रोश भर्न तिनले त्यसो गरेका रे । मेरी छोरी ६ वर्षकी थिई । सन्सनीको घोडामा सवार भई त्यो कल्पित समाचार छोरीका सहपाठी फुच्चीहरूका कानसम्म पुगेछ । र, तिनले छोरीलाई अब तेरो बाउलाई मार्छन् भनी अत्याएछन् ।

सिन्धुलीमा ऋषि देवकोटा 'आजाद'को ज्यान लिने जल्लाद सीडीओ रामकृष्ण पन्त सरुवा भई चालीस सालमा चितवन आयो । उसले मलाई आफ्नो अड्डामा डाकिपठायो । र, आफ्नो शिरमाथि भित्तामा झुण्ड्याइएको राजारानीको तस्बिर हेर्दै उसले मलाई ध्वाँस दियो – विष्णुका बैरीमाथि म एक्सन लिन्छु । त्यो मान्छे मार्न पाउने आसनमा बसेको र मान्छेको खून खान पल्केको दोपाया चितुवाको हुङ्कार थियो । लुकाउन खोज्दाखोज्दै त्यो जल्लादवाणी मेरी श्रीमती र कलिली छोरीका कानमा परिहाल्यो । पछि बाउन्न साल फागुन १ गते माओवादी कणहरूको धावाकारी विद्रोह सुरु भयो । र, ६ गते मध्य दिनमा, दुनियाँका आँखैमुखेञ्जी अपहरणको शैलीमा म पक्राउ परेँ । मलाई महाराजगञ्जस्थित दङ्गा प्रहरीको एकलासे खोरमा बेपत्ताको अवस्थामा एक साता थुनियो ।

यी तीन घटना मेरा परिवारजनका लागि सदैव त्रास र आतङ्कका मुहान बनिरहे । जब म केही कठोर कुरा लेख्थेँ, मेरी श्रीमती र छोरी निरीह याचना भरिएका मूक दृष्टिले मलाई टुलुटुलु हेर्थे । पछि छोरो पनि कुरा बुझ्न थाल्यो । अनिष्टको आशङ्काले भरिएका तिनका याचना र आतङ्कमिश्रित नजर देखेर प्रायः म भित्रभित्रै हल्लिन्थेँ । र, कहिले त घन्टौँ कतै एकान्तमा चुपचाप बस्थेँ पनि । कति पटक केही न केही निहुँ बनाएर केही दिन कतै हराउथेँ । परिवारजन थप आतङ्कित नहोऊन् भनेर मैले आफूमाथि आइलाग्ने अनेकन धम्कीहरूलाई आफ्नै मनको गोप्य कुनामा लुकाइराखेँ । खास गरी देउवाकृत सङ्कटकालमा, वीरेन्द्र परिवारको हत्यापछिको विवादकालमा, ज्ञानेन्द्रको कुशासनकालमा र राष्ट्रपति यादवको

स्वेच्छाचारी निर्देशनपछिको झडपकारी विमर्शकालमा मैले नाथे धम्कीका पुरस्कार त कत्ति पाएँ कत्ति ! मध्ये रातमा कुरा केही नबुझिने धोद्रो स्वरमा मेरो हुर्मत लिन घरिघरि फोन आउँथे । र, उही समयमा 'खुब लेख्छस् नि,' 'तँलाई मर्न डर छैन ?' 'साला ! तेरा दिन अब सकिए,' जस्ता पुरस्कारहरू त ममाथि कत्ति ओइरिए कत्ति !

यस्ता यन्त्रणाकारी धम्कीहरू मेरालागि बेचैनी र भयका कारकहरू त बने नै, सँगसँगै ती हौसला र इखका कारण पनि बने । मेरा आशङ्कित कानमा प्रहार गर्न जब ती धम्कीहरू आइलाग्थे, मलाई आफ्नो लेखनले केही न केही काम त गरेकै छ भन्ने लाग्थ्यो । र, एकसाथ डराउँदै, इख्खिँदै र हौसिँदै मैले आफ्नो निष्ठाको यात्रा निरन्तर जारी राखेँ । यन्त्रणाकारी ती क्षणहरू सम्झँदा अहिले पनि मेरो आङ सिरिङ्ग हुन्छ ।

## स्तम्भ, प्रतिस्पर्धा र महाविश्राम

स्तम्भलेखनको डबलीमा लेखक कदापि एकल खेलाडी हुँदैन । ऊ उही वा अन्य विधाका अनेक खेलाडीहरूबीच एक प्रतिस्पर्धी हुन्छ । स्तम्भको हरेक प्रकरणमा ऊ पाठकीय पाठशालाको परीक्षामा बस्छ । र, प्रेस मालिक आफ्ना सुराकीहरूमार्फत बनियाँ दृष्टिले लेखकको लब्धाङ्कको जानकारी लिइरहन्छ । लगनशीलतामा सुस्ती वा आत्मकेन्द्रित अहंकारका कारण प्रतिस्पर्धाको चेत भुत्ते भयो कि स्तम्भकार सकियो । सतत् क्रियाशील रहनुपर्ने यो चेत वास्तवमा लेखनको गुणवत्ता उकास्ने वा कम्तीमा पनि जो भएको गुणवत्ता कायम राखी स्तम्भको आयु धानिराख्ने लेखकीय अस्त्र हो । स्तम्भ डबलीको प्रतिस्पर्धामा भित्रिनु के थियो मलाई प्रतिस्पर्धाको अखडामा म निश्चय नै एक निम्छरो खेलाडी हुँ भन्ने महसुस भयो । र, मैले क्रिडाकौशल सिक्न अविराम यत्न गरेँ । कुनै स्तम्भकार कुन विशिष्टताका कारण बढी पढिन्छ ? पाठकगणमा ऊ लोकप्रिय किन छ ? उसको छेवैमा अर्को कोही छ जो त्यस्तो किन छैन ? स्तम्भकारले सन्यास लिइसकेपछि पनि कुनै स्तम्भ किन सम्झिइन्छ ? हो, प्रतिस्पर्धाको अखडामा यिनै जिज्ञासाहरूबाट म डोरिएँ ।

जिज्ञासातृप्तिको प्रक्रियामा विचार, प्रेरणा, ऊर्जा, आवेग र शिल्पले मेरो स्तम्भलाई दीर्घ जीवन प्रदान गर्ने कतिपय स्तम्भहरू मेरो स्मृतिमा अझै जीवन्त, निकट र प्रिय छन् । तिनलाई जब सम्झन्छु, म नतमस्तक हुन्छु । म आत्मालाप गर्छु – ती थिए र न म भएँ । जनार्दन आचार्यको 'समय, समय' अझै मेरो स्मृतिपटको अग्र भागमा छ । मेरोलागि अझै आह्लादकारी छ मोदनाथ प्रश्रितको छवि स्खलन हुनुअघिको 'जीवनको बाटोमा' । उही पत्रमा, उही ठाउँमा *कान्तिपुर*का

स्तम्भकार नारायण ढकालको जस्तै लेख्न पाए कस्तो हुन्थ्यो भनी कल्पिँदाको क्षण मेरालागि स्मरणीय छ । नारायण वाग्लेको बिछट्टै रूपवादी 'कफी गफ' र सौरभको कङ्गारु उफ्राइ शैलीले पनि मलाई भिन्नभिन्न कोणबाट भिन्नभिन्न मात्रामा ऊर्जा प्रदान गरेकै हुन् । कटाक्षकारी वाणीले मलाई हौस्याउने सदावहार रिपु डीपी भण्डारीले ज्ञानी सचेतकको मुद्रामा मेरो हृदयको चकटी कब्जा गरेका छन् । 'देब्रे कुना' बाट थालेर अथक र अटुट दीर्घ यात्रा गरी 'सिँउडी'मा उत्तिकै आकर्षणका साथ चलखेल गरिरहेका विमल निभा त स्तम्भलेखन डबलीका मेरा दादा नै भइहाले । यिनको स्तम्भ आफ्नो विचित्रको विशिष्टताले विपुल छ । खुकुलो भाषामा केही नभनेझैँ गरी यी निभा पाठकलाई कान समातेर घिसार्दै लेखको पुछारमा पुऱ्याउँछन् र आखिरमा रहस्योद्घाटन गरेर तिनलाई खितित्त हँसाउँछन् । भनुँ भने अक्षय व्यङ्ग्य कलाका यी सदावहार हिरो हुन् । भाषाशिल्पी ऋतुराज र जाँगरिला भरत भुर्तेल[३] भने अभिव्यक्तिका अंश-अंशमा व्यङ्ग्यका पुट भर्दै जान्छन् । र, हास्यतत्व यिनका स्तम्भको संरचनाभरि नै व्याप्त हुन्छ । राजनीतिका कोरा दैनिक झडपहरू पढेर दिक्क भएका क्षणहरूमा यी दुई भाइले मलाई सधैँ विरेचनकारी हास्यका दामी चक्की प्रदान गरेका छन् । स्तम्भहरूको फलोद्यानका यी फरक स्वाद हुन् । कुहिरीमण्डल परिवेशमा समकालीन यथार्थका प्रवृत्तिहरूको भेउ नपाएर आफैँ कुहिराको काग हुँदा सीके लाल र अभि सुवेदीले मलाई निःशुल्क दृष्टि दान गरेका दिव्य क्षणहरू अनेक छन् । उता प्रमोद मिश्र परे यसै महलका मेरो नवोदित गुरु । लेखनमा धारसँग जुध्न सिँगौरे खेल्ने किशोर नेपाल मेरोलागि सदैव पठनीय छन् । शब्द डबलीमा राजनीतिक झडपहरूबाट हुने अम्ल वर्षाले मन उद्विग्न भएको बखत ज्ञान उत्पादन गर्ने उद्योगहरूमाथि आलोचनाशील दृष्टिपात गर्ने प्रत्यूष वन्त र जीवनका नखुलेका पाटाहरू उघार्ने अथक तपस्वी तीर्थबहादुर श्रेष्ठ मेरालागि मानसिक तिक्तताबाट तङ्ग्रिने ओखतीसरह हुन् । उसो त स्तम्भइतरका अनेक लेखकहरूबाट पनि मैले प्रेरणादायी स्पन्दन प्राप्त गरेको छु । यी सब एकसाथ मेरा प्रतिस्पर्धी र ऊर्जा सञ्चारक हुन् । म दोहोऱ्याऊँ, मेरो वरिपरि यी सब थिए र नै त सानै हैसियतको भए पनि म स्तम्भकार कहलिएँ ।

मैले सप्रेम नाम पुकारेका स्तम्भ लेखनको क्रिडाभूमिका यी पेले, रोनाल्डो र बेख्यामहरू कसरी लेख्दा हुन् मलाई थाहा छैन । मेरो लेखन-प्रक्रिया भने प्रायः

---

[३] यो लेख अन्तिम चरणमा पुग्दा भरत भुर्तेलको असामयिक देहावसान भएको छ । उनको मृत्युपश्चात उनका बारेमा मैले अन्यत्र लेखेको छु (हेर्नुहोस् सङ्ग्रौला २०६७) ।

उमङ्ग र झिझ्याटको एक सङ्गम हो । कहिले लेख्नलाई मनको टेबुलमा अनेक विषय तँछाडमछाड गरिरहेका हुन्छन् । र, रुचि र दख्खल हेरी विषय चयन गर्न सजिलो हुन्छ । कहिले न विषय फुर्छ, न मनका छिद्रहरू खुलेका हुन्छन्, न लेख्न जाँगर र उमङ्ग नै हुन्छ । यस्तोमा कर्मकाण्ड धान्नका लागि कनेर लेख्न विवश हुनुपर्छ । कनेर के लेखिन्छ ? आखिर झुर लेखिने न हो ।

विषयको कोरा खेस्रा जब तयार हुन्छ, म भाषामा पाइन हाल्न र सान लाउन घोटिन्छु । लामा र भद्दा वाक्यहरू भत्काउँछु र छरिता वाक्यहरू रचना गर्छु । भाषामा रोचकताको लेप लगाउन एउटै विशेषणका पर्यायवाची शब्दहरू चयन गर्छु । रसहरूको रङ्ग मिलाउन ठाउँठाउँमा ठटचौली, व्यङ्ग्य र परिहास राख्छु । अझ कतै त कटाक्षको तीर पनि ताकिहाल्छु । यदाकदा नयाँ शब्द बनाउँछु पनि । भाषा चिल्याउने कार्य मेरालागि अति मनोरञ्जक क्रिडा हो । उसो त भाषा मेरो लेखनशक्तिको एक सबल उपकरण पनि हो ।

यो सब अब अतीतको कुरा हो । स्तम्भकारको छाप्रो घरिघरि भत्काइँदा र ऊ घरिघरि लखेटिँदा लेखनको दीर्घ यात्रामा थकानको अनुभूति त यस्सै पनि हुने नै भयो । थकानको उदासीमा शब्द डबलीमा देखेँ – आवेग वा उमेरले युवा वयका शारदा शर्मा, कृष्णज्वाला देवकोटा, युग पाठक, भीम भुर्तेल, प्रशान्त झा, आदित्य अधिकारी, तुलानारायण साह, चक्री श्रेष्ठ र अरू थुप्रै विवेक, आवेग र ऊर्जाले भरिपूर्ण उम्दा लेखकहरू मलाई सादर ध्वाँस दिइरहेछन् – हामी आयौँ, तिमी अब आफ्नो बाटो तताऊ । मलाई आधुनिक चीनका क्रान्तिकारी लेखक लु स्यूनको याद आयो । ती भन्थे – ऊर्जाशील युवाहरूले बाटो माग्दा ऊर्जा निखिँदै गएका बूढाहरूले बाटो खाली गरिदिनुपर्छ । अन्यथा ती तिमीलाई कुल्चिँदै नाघेर अघि बढ्नेछन् । कुरा बुझेँ । र, विना उपदान, विना निवृत्तिभरण म स्तम्भलेखनबाट सदाका लागि निवृत्त भएँ ।

## सन्दर्भ सामग्री

सङ्ग्रौला, खगेन्द्र । २०४७ । *जनआन्दोलनका छर्राहरू* । काठमाडौँ : पैरवी प्रकाशन ।

सङ्ग्रौला, खगेन्द्र । २०५८ । *इतिहासमा कालो पोतिएको अनुहार* । काठमाडौँ : अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. ।

सङ्ग्रौला, खगेन्द्र । २०५९ । *सङ्कटकालमा कुन्साङ काका* । काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन (प्रा.) लि. ।

सङ्ग्रौला, खगेन्द्र । २०६५ । स्तम्भकार र सुकुमबासी । *कान्तिपुर,* १६ साउन, पृ. ६ ।

सङ्ग्रौला, खगेन्द्र । २०६६ । श्री रामवरण ! घर फर्क । *कान्तिपुर,* २५ असार, पृ. ९ ।

सङ्ग्रौला, खगेन्द्र । २०६७ । भरत चर्चा । *नागरिक शनिबार (अक्षर),* ४ वैशाख, पृ. ग ।